जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
चि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १३५ • २०८१ फागुन २३ गते शुक्रवार • 7 Mar. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना

जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

## प्रमुख कर्णलाई आवश्यक कारबाही गरी सरुवा नगरुञ्जेलसम्म भौतिक पूर्वाधार विकास कार्यालय महोत्तरीमा तालाबन्दी

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २२ फागुन**

मधेस प्रदेश सरकारको भौतिक पूर्वाधार विकास कार्यालय महोत्तरीमा बुधवार वडा अध्यक्षहरुले ताला लगाएका छन् । मधेश प्रदेश सरकारले रातो किताबमा उल्लेख गरेका योजनाहरु विभिन्न दलाल मार्फत दबाब सहित वडा कार्यालयमा जाने गरेको आरोप वडाध्यक्षहरुले लगाएका छन् ।

वडाका उपभोक्ताहरुको भेला गरी प्रक्रियागत रुपमा पदाधिकारी चयन गर्दा वडा कार्यालयको प्रतिनिधि अनिवार्य उपस्थित हुनुपर्नेमा आफू खुशी अध्यक्ष, कोषाध्यक्ष लगायतका पदाधिकारी चयन गरी सिफारिसका लागि दबाब दिने गरिएको उनीहरुको दुखेसो छ । वडा अध्यक्षहरुले उपभोक्ता समितिबाट नभई प्रतिस्पर्धात्मक प्रक्रियाबाट विकास निर्माणको काम गर्ने सरकारले व्यक्त गरेको प्रतिवद्धताको कार्यान्वयन



हुनुपर्नेमा जोड दिएका छन् । चालु आर्थिक वर्षको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको १४ नम्बर बुँदामा खुल्ला एवं प्रतिस्पर्धी खरिद विधि अनुसार गर्न प्रष्ट उल्लेख रहेको वडा अध्यक्षहरुद्वारा जारी संयुक्त विज्ञप्तिमा उल्लेख छ । प्रदेश सरकारले भदौं महिना भित्र खरिद योजना स्वीकृत, असोज महिना भित्र बोलपत्र (टेण्डर) आह्वान गर्ने प्रष्ट प्रावधान ल्याउँदै कमिसनका लागि उपभोक्तामार्फत काम गराउन लागेको आरोप वडाध्यक्षहरुले लगाएका छन् । 'भौतिक पूर्वाधार विकास मन्त्रालय मधेश प्रदेशले १० प्रतिशत कमिसन लिई उपभोक्ता समिति मार्फत कार्य गर्न उद्यत रहेको छ' विज्ञप्तिमा अगाडि भनिएको छ ।'

पूर्वाधार विकास कार्यालय महोत्तरीका प्रमुख राजेश लाल कर्णको हस्ताक्षर रहेको पत्र दलाल/विचौलिया मार्फत वडा कार्यालयमा पठाइँदैछ । अवैधानिक कार्य रोक्न जिल्ला प्रशासन कार्यालय महोत्तरी, पूर्वाधार कार्यालय महोत्तरी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय महोत्तरी लगायतमा पटक/पटक लिखित तथा मौखिक जानकारी गराउँदा पनि काम नरोकिएको वडाध्यक्षहरुको कथन छ । पूर्वाधार विकास कार्यालय जलेश्वरले योजनाको नाम किटान गरी सोझै वडा कार्यालयमा पत्र पठाउन उनीहरुको माग छ । 'कमिसनको चलखेल र विचौलियाको अनैतिक कार्यलाई निरन्तरता दिने पूर्वाधार कार्यालय प्रमुख कर्णलाई आवश्यक कारबाही गरी सरुवा नगरुञ्जेलसम्म तालाबन्दी गर्न बाध्य भएका छौं' संयुक्त विज्ञप्तिमा भनिएको छ ।

वडा अध्यक्षहरुले संयुक्त रुपमा गत आइतवार महोत्तरीका प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीलाई ज्ञापन बुझाएका थिए । माग सम्बोधन नभए बुधबार पूर्वाधार विकास कार्यालयमा तालाबन्दी गर्ने चेतावनी दिए अनुसार नै ताला लगाइएको छ । पूर्वाधार विकास कार्यालय महोत्तरीमा ४ सय २१ वटा योजना रहेकोमा आइतबारसम्म १ सय ५६ वटाको सम्झौता भएको कार्यालय प्रमुख कर्णले बताएका हुन् । टेण्डर प्रक्रियामा २७ वटा योजना मात्र गएको छ । सम्झौता हुन बाँकी रहेका कार्यदेशहरु सबै बितरण भइसकेको कर्णले जनाएका छन् ।

तर वडा कार्यालयमा पत्र लिएर विचौलिया र दलालहरु पुग्ने गरेको वडाध्यक्षहरुको कथन छ । प्रमुख कर्णले हस्ताक्षर गरेको सबै योजना भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवको निवासमा राखिएको छ । मदन नामका व्यक्तिले योजनाहरु वापतको कमिसन बुझेर कार्यादेश दिने गरेको बताइन्छ । बजेट बन्दाको बखत योजना राखेकाहरुलाई जानकारी बिना नै कार्यादेश अन्य व्यक्तिले लिने गरेको बताइन्छ । कमिसनमा योजना बिक्री गरेको आरोप लागेपछि मधेश प्रदेश सरकारको अर्थ मन्त्रालयले मन्त्री यादवविरुद्ध एक्सन लिएको बताइन्छ । मुख्यमन्त्री सतीशकुमार सिंहलाई समेत अर्थमन्त्रीले भौतिक पूर्वाधार विकास मन्त्रीको क्रियाकलापलाई सुधार गर्न लगाउन ध्यानाकर्षण गराएको स्रोतले जनाएका छन् । नेपाली काँग्रेसका मन्त्रीहरुले भौतिक मन्त्रीको कारण मधेश प्रदेशमा गठबन्धन समेत धरापमा परेको बताउने गरेका छन् ।

सूचना । सूचना ।। सूचना।।।

**एकडारा गाउँपालिकाको वन शाखाको निजी तथा सार्वजनिक वन लगाउने सम्बन्धी अत्यन्त जरुरी सूचना**

***आदरणीय एकडारा गाउँपालिकाबासी कृप्या ध्यान दिनु होला ।***

यहि मिति २०८१ फाल्गुण १५ गतेदेखि फाल्गुण २५ गतेसम्म निजी वन दर्ता तथा निजी वन तथा सार्वजनिक वन लगाउन सम्पूर्ण एकडारा पालिकाबासीमा जानकारी गराइन्छ । यो रुख लगाए बापत तपाईहरुलाई अनुदान उपलब्ध गराइने छ ।
त्यसकारण एकडारा गाउँपालिकाको वन शाखामा गई आ–आफनो निजी वन दर्ता गराऔं । निजी वन लगाउने सम्बन्धी जानकारी लिऔं ।
कम्तीमा २ कठा जमिनमा १ सय वटा रुख लगाउन सकिन्छ ।

***यसको लागि आवश्यक कागजातहरू यस प्रकार छन:***

१. निवेदन ।
२. नेपाली नागरिकताको प्रतिलिपी ।
३. जमिन भएको व्यक्तिले जमिनको लालपूर्जाको फोटोकाँपी ।
४. जमिनको मालपोतमा कर बुझाएको रसिदको फोटोकाँपी ।
५. कृषि सहकारी वा कृषि समूह,कृषि फर्म,महिला उद्यमी सहकारी दर्ता भएको प्रमाणपत्रको फोटोकाँपी ।
६. समूह बैठकको निर्णयको फोटोकाँपी ।
७. महिला, दलित तथा विपन्नवर्गका व्यक्तिहरुलाई प्राथमिकता दिइने छ ।

त्यसकारण समयमै गएर आफ्नो निवेदन दर्ता गराऔं । आ–आफ्नो गाउँमा रहेको खाली रहेको ठाउँमा रुख बिरुवा लगाएर गाउँघरलाई हराभरा पारौं र स्वस्थ्य वातावरण निर्माण गरौं ।

**थप जानकारीको लागि :-**

**एकडारा गाउँपालिका वन शाखा अधिकृत**
**निशा साह, सम्पर्क मोबाइल:९८५४०३३०१०**

## जलेश्वर मलिवारा सुख्खा बन्दरगाह निर्माणमा सहयोग गर्ने अध्यक्ष प्रचण्डको प्रतिबद्धता

**आरजे इर्शाद शेख**
**महोत्तरी, २२ फागुन**

पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले महोत्तरीको मलिवारा भिट्ठामोड सुख्खा बन्दरगाह निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । भारतीय सिमानामा रहेको सुख्खा बन्दरगाह निर्माणस्थलको अवलओकनपछि जलेश्वर उद्योग वाणिज्य संघले आयोजना गरेको छलफलमा उनले सो प्रतिबद्धता जनाएका हुन् ।

आफू प्रधानमन्त्री भएको बेला यो बन्दरगाह निर्माणका लागि सम्बन्धित निकायलाई निर्देशन दिएको र केही काम सुरु पनि भएको उल्लेख गर्दै उनले बाँकी प्रक्रियाका लागि सहयोग गर्ने बताए । आफ्नो पार्टीले सञ्चालन गरेको जनतासँग माओवादी, तराई मधेस जागरण अभियानको एउटा उद्देश्य सीमा क्षेत्रका जनताको अवस्था बुझ्ने र सम्भावित विकास निर्माणका काम अघि बढाउन पहल गर्ने भएकाले यो सवाल पनि अभियानकै एजेन्डा बन्ने अध्यक्ष प्रचण्डले स्पष्ट गरे । सो क्रममा जलेश्वर उद्योग वाणिज्य संघले ज्ञापनपत्र पनि बुझाएको थियो।



कलकत्ता बन्दरगाहबाट तेस्रो मुलुकको सामान आयात निर्यात गर्न जलेश्वर भन्सारबाट एकतर्फी २२५ किलोमिटर मात्रै रहेको जानकारी गराउँदै सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीले यो बन्दरगाह मधेसका सबै जिल्लाको पायक स्थानमा पर्ने जानकारी गराए । साथै उनले मणिपाल कलेजका लागि ३५ बिघा जग्गा स्थानीयबाट सस्तोमा लिएर अलपत्र छाडेकाले तत्काल काम सुरु आवश्यक निर्देशन दिन पनि अध्यक्ष प्रचण्डसँग आग्रह गरे ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence




# महिलाले जगाएको आशा

*नेपाली महिलाले यतिबेला देशका सबै क्षेत्रमा अग्रसरता देखाएका छन् । सडकदेखि सदन र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत उनीहरूको योगदान उल्लेख्य छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ छ । जसमध्ये पुरुषको सङ्ख्या एक करोड ४२ लाख ५३ हजार ५५१ (४८.९८ प्रतिशत) र महिलाको सङ्ख्या एक करोड ४९ लाख ११ हजार २७ (५१.०२ प्रतिशत) छ । त्यसैले हर क्षेत्रमा महिलाको सहभागिता ५१ प्रतिशत हुनुपर्ने माग भइरहेको छ । ३३ प्रतिशतलाई सरकारले समेत स्वीकार गरेको छ ।*

*महिलाले गाउँपालिकाको वडा सदस्यदेखि प्रतिनिधि सभाको सभामुख र देशको राष्ट्रपति भएर सफल भूमिका निर्वाह गरिसकेका छन् । सेना र प्रहरीमा समेत महिलाको नेतृत्व र भूमिका प्रभावकारी देखिएको छ । निजामती कर्मचारी र वैदेशिक रोजगारीमा समेत उल्लेख्य सहभागिता छ । साहित्य र पत्रकारितामा समेत महिला गरेको योगदान प्रशंसनीय छ । २०४६ सालको राजनीतिक परिवर्तनपछि मात्र स्वतन्त्र पत्रकारिताको थालनी भयो । महिला पत्रकार र साहित्यकारको विकास पनि सँगसँगै सुरु भयो । त्यसअघि सञ्चार माध्यम सरकार नियन्त्रित थिए भने साहित्य र लेखनमा पनि सेन्सरसिप थियो ।*

*महिला विचारोत्तेजक साहित्यिक सामग्रीको सिर्जनामा डराउनुपर्ने अवस्था थियो । खासमा साहित्य र पत्रकारिता एकापसमा अन्तर सम्बन्धित रहेका हुन्छन् । नेपाल पत्रकार महासङ्घको तथ्याङ्क अनुसार नेपालका कुल पत्रकारमध्ये महिला १८.४१ प्रतिशत मात्र रहेका छन् । तथापि एकातिर उक्त सङ्ख्या बढ्दै गएको छ भने अर्कातिर उनीहरूको प्रभावकारिता पनि बढेर गएको देखिएको छ । यो महिलाको उज्यालो पक्ष हो । जसले संसारलाई अझ अगाडि बढ्ने बाटो देखाउने निश्चित छ ।*

# जनकपुरधामको चारैतिर भएर निर्माण हुने ३२ किलोमिटरको जनकपुर चक्रपथको शिलान्यास



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २२ फागुन**

मधेश प्रदेशको राजधानी जनकपुरधामको चारैतिर भएर निर्माण हुने ३२ किलोमिटरको जनकपुर चक्रपथको बुधबार शिलान्यास गरिएको छ । नेकपा (एमाले) का सचिव तथा पूर्वउपप्रधानमन्त्री रघुवीर महासेठले चक्रपथको शिलान्यास गर्नुभएको हो। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमातहतका सडक डिभिजन कार्यालय जनकपुरधामले उक्त सडक निर्माण गर्न लागेको हो। २०८१ साल फागुन ११ गते केबी पूर्णचण्डी जेभी ललितपुरसँग छ करोड ३० लाख १७ हजार ६७७ रुपियाँमा ठेक्का सम्झौता गरेको सडक डिभिजन कार्यालय जनकपुरधामका प्रमुख दरोगा साहले कार्यक्रममा जानकारी दिनुभयो।

उक्त सडक निर्माणका लागि धेरै रकम आवश्यक भएको भन्दै उहाँले चालु आर्थिक वर्षमा धनुषाको लोहना रामपुर खण्डमा साढे दुई किलोमिटर कालोपत्रे र कपिलेश्वर खण्डमा डेढ किलोमिटर ग्राभेल सहितको नयाँ सडक निर्माण गर्ने पहिलो चरणको काम रहेको बताउनुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै एमाले सचिव महासेठले राम्रो सडकमा हिँड्ने जनताको अधिकार सुनिश्चितका लागि वर्तमान सरकारले गर्न लागेको सडक निर्माणको काममा सबैको सहयोग आवश्यक भएको बताउनुभयो।

उहाँले आफू पहिलो पटक भौतिक पूर्वाधारमन्त्री बन्दा यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरेको र दोस्रो पटक मन्त्री बन्दा चक्रपथ सडक निर्माणका लागि चालु आवमा ११ करोड रुपियाँ विनियोजन गरेको बताउनुभयो । उहाँले यसलाई बहुवर्षीय योजनामा लगेर अगामी आवमा थप बजेट विनियोजन गराउने बताउनुभयो।

# आइएमई समूहद्वारा उत्पादनमूलक क्षेत्रमा पनि लगानी विस्तार

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २२ फागुन**

वित्त र सेवा क्षेत्रमा स्थापित आइएमई समूहले उत्पादनमूलक क्षेत्रमा पनि लगानी विस्तार गरेको छ। समूहले पहिलो पटक प्रयासमा कागज उद्योग सञ्चालनमा ल्याएर उत्पादनमूलक क्षेत्रमा आफूलाई प्रवेश गराएको हो।

समूहले महोत्तरीको गौशाला नगरपालिका-१ स्थित रामनगरको इटाटारमा नेपाल पल्प एन्ड पेपर इन्डस्ट्रिज सञ्चालनमा ल्याएको हो। करिब दुई अर्ब लगानीमा



सञ्चालनमा आएको उद्योगबाट पुस्तक तथा कपीका लागि आवश्यक कागज उत्पादन हुने उद्योगका सञ्चालकसमेत रहनुभएका आइएमई समूहका अध्यक्ष चन्द्रप्रसाद ढकालले जानकारी दिनुभयो। नेपालमा खपत हुने कागजबापत बर्सेनि अर्बौं रुपियाँ बाहिरिएकाले त्यसलाई प्रतिस्थापन गरी स्वदेशी वस्तुको उपयोग बढाउने उद्देश्यसहित उद्योग सञ्चालनमा ल्याइएको उहाँले जानकारी दिनुभयो । "कागजको आयात प्रतिस्थापन गर्ने र नेपालमै लगानीको अवसर सुनिश्चित गर्ने उद्देश्यले उद्योग सञ्चालनमा ल्याएका हौँ," उहाँले भन्नुभयो।

उद्योगमा दैनिक ७५ टनसम्म कागज उत्पादन गर्न सक्ने जडित क्षमता छ । माग बढेको अवस्थामा उत्पादन क्षमता पनि बढाउन सक्ने गरी तयारी अवस्थामा रहेको ढकालले जानकारी दिनुभयो। "आवश्यकता र मागका आधारमा उत्पादन क्षमता बढाउन सक्ने अवस्था छ," उहाँले भन्नुभयो, "भविष्यमा निर्यात पनि गर्न सक्ने गरी तयारी अवस्थामा छौँ।" १९ बिघा क्षेत्रफलमा फैलिएको उद्योगमा करिब दुई सय जनाले रोजगारी पाएका छन् । स्थानीयलाई प्राथमिकता दिएर रोजगारी उपलब्ध गराइएको ढकालले जानकारी दिनुभयो । आधुनिक प्रविधियुक्त औद्योगिक उपकरणमार्फत उत्पादन हुने भएकाले कागज गुणस्तरीय हुने र आयातित कागजसँग सहजै प्रतिस्पर्धा गर्न सक्ने उहाँको दाबी छ। "नेपालमै उत्पादन हुँदा मूल्य पनि सर्वसुलभ नै हुन्छ," उहाँले भन्नुभयो।

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिासा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**

## तपाईंको टुडे

मेष: विचार गरेर बोल्नुहोला

वृष: खानपानमा समस्या आउने

मिथून: अनावश्यक चिन्ता

कर्कट: मनमा पछुतो आउने

सिंह: मित्रतामा फाटो आउने

कन्या: पढाईमा ध्यान दिनुपर्ने

तुला: अनावश्यक खर्चको संभावना

वृश्चिक: लामो यात्राको योग छ

धनु: शुभ कार्यको शुरुवात

मकर: अशुभ समाचार प्राप्त हुने

कूम्भ: पिछडेको साथी मिल्ने

मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पुजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

## अमेरिकालाई चीनको धम्की- अमेरिका युद्ध चाहन्छ भने अन्तिमसम्म लड्न तयार



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ फागुन**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनमाथि थप १० प्रतिशत कर लगाउने घोषणा गरेपछि चीनले बदलाको धम्की दिएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले चीन कुनै पनि धम्कीबाट नडराउने बताउँदै अमेरिका युद्ध चाहन्छ भने चाहे त्यो व्यापार युद्ध होस् वा अन्य कुनै पनि प्रकारको युद्ध, चीन अन्तिमसम्म लड्न तयार रहेको बताएका छन् ।

अमेरिकाले फेब्रुअरीको सुरुमा चीनमाथि १० प्रतिशत कर लगाएको थियो। एक महिना पछि, ट्रम्प प्रशासनले फेरि चीनमा १० प्रतिशत कर लगाउने घोषणा गरेको छ । प्रवक्ता लिन जियानले एकसमा लेखे, 'अमेरिकाले फेन्टानिल (औषधि) मुद्दामा सबै प्रकारका गलत जानकारी फैलाइरहेको छ, चीनलाई बदनाम गरिरहेको छ र यसलाई बलिको बोका बनाउँदैछ ।

यसले फेन्टानिलको बहानामा चिनियाँ सामानहरूमा शुल्क बढाइरहेको छ । यस्ता कदमहरू अनुचित छन् र कसैलाई पनि फाइदा गर्दैनन् । लिन जियानले भने, चीनको अडान स्पष्ट छ । हामी फेन्टानिलको बहानामा चीनलाई दबाब दिने, धम्की दिने र ब्ल्याकमेल गर्ने कुराको विरोध गर्छौं । हामी अमेरिकालाई आफ्नो हितलाई ध्यानमा राखेर सही कदम चाल्न अपील पनि गर्दछौं ।'

## यस्तो छ आजका लागि निर्धारित विदेशी मुद्राको विनिमय दर




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ फागुन**

नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिदर १३८ रुपैयाँ ८४ पैसा र बिक्रीदर १३९ रुपैयाँ ४४ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिदर १४८ रुपैयाँ २९ पैसा र बिक्रीदर १४८ रुपैयाँ ९२ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर १७८ रुपैयाँ ११ पैसा र बिक्रीदर १७८ रुपैयाँ ८८ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १५६ रुपैयाँ १७ पैसा र बिक्रीदर १५६ रुपैयाँ ८४ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ १८ पैसा र बिक्रीदर ८७ रुपैयाँ ५६ पैसा, क्यानेडियन डलर एकको खरिदर ९६ रुपैयाँ ५४ पैसा र बिक्रीदर ९६ रुपैयाँ ९६ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०३ रुपैयाँ ८० पैसा र बिक्रीदर १०४ रुपैयाँ २५ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिदर नौ रुपैयाँ २९ पैसा र बिक्रीदर नौ रुपैयाँ ३३ पैसा, चिनियाँ युआन एकको खरिदर १९ रुपैयाँ १२ पैसा र बिक्रीदर १९ रुपैयाँ २० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ दुई पैसा र बिक्रीदर ३७ रुपैयाँ १८ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ नौ पैसा र बिक्रीदर ३८ रुपैयाँ २६ पैसा कायम भएको छ। केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ १२ पैसा र बिक्रीदर चार रुपैयाँ १४ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ८० पैसा र बिक्रीदर ३७ रुपैयाँ ९७ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ३४ पैसा र बिक्रीदर ३१ रुपैयाँ ४८ पैसा, साउथकोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ५७ पैसा र बिक्रीदर नौ रुपैयाँ ६१ पैसा, स्विडिसक्रोनर एकको खरिददर १३ रुपैयाँ ४५ पैसा र बिक्रीदर १३ रुपैयाँ ५१ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ८८ पैसा र बिक्रीदर १९ रुपैयाँ ९७ पैसा तोकिएको छ ।

## मेहेन्दीमा रमाउँदै अस्मिता र महेश, विहिबार हुँदैछ विवाह



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ फागुन**

गायिका अस्मिता अधिकारी र गायक महेश काफ्ले विहिबार विवाह बन्धनमा बाँधिदैछन् । राजधानीमा विवाह समारोह आयोजना गरिएको छ।

केही दिनदेखि हल्दी, मेहेन्दी लगायतका वैवाहिक समारोह आयोजना भैरहेका छन्। सार्वजनिक फोटो र भिडियोमा हल्दी र मेहेन्दी समारोहमा अस्मिता र महेशलाई रमाएको देख्न सकिन्छ। महेशले अस्मिताको हातमा मेहेन्दी लगाएको देख्न सकिन्छ । सोनम सुब्बाको पहिरनमा अस्मिता आकर्षक पनि देखिएकी छन्।

स्रोतका अनुसार काठमाडौंमा हुने विवाह समारोहमा दुबै पक्षका परिवार, आफन्त र संगीत क्षेत्रका केही व्यक्तिलाई निम्तो गरेको बुझिएको छ। गत असारमा दुबईमा इन्गोजेमन्ट गरेका यी दुई लामो समयदेखि प्रेम सम्बन्धमा छन्। प्रेम चर्चालाई साकार तुल्याउँदै यी दुईले दुबईस्थित संसारको अग्लो टावर 'बुर्ज खलिफा'मा इन्गेजमेन्ट गरेका थिए। यी दुईले केही गीतमा सहकार्य समेत गरेका छन् । कतिपय कन्सर्टमा एकसाथ प्रस्तुति पनि दिएका छन्। काठमाडौं महानगरले स्थापना दिबसको अवसरमा टुँडिखेलमा गरेको सांगीतिक कार्यक्रममा उनीहरूले प्रस्तुति दिए। अस्मिता र महेश अहिले रुचाइएका संगीतकर्मीमध्ये पर्छन्।

## कप्तान किरण भन्छन् : नयाँ प्रशिक्षकसँग सिक्न उत्साहित छौं

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ फागुन**



नेपाली राष्ट्रिय फुटबल टोलीका कप्तान किरणकुमार लिम्बूले नयाँ प्रशिक्षक म्याट रससँग प्रशिक्षण गर्न आफ्नो टोली र आफू उत्साहित रहेको बताएका छन्। नेपाली टोलीका नवनियुक्त मुख्य प्रशिक्षक म्याट रसले बुधबारदेखि त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा एसियन कप छनोटको तयारी सुरु गरेका छन्।

नेपालका कप्तान तथा गोलकिपर किरणकुमार लिम्बूले वर्षभर खेलाडीहरू व्यस्त हुने समय आएको र साथै नयाँ प्रशिक्षकसँग प्रशिक्षण गर्न पाउँदा पनि खेलाडीहरू उत्साहित रहेको बताएका हुन् । प्रशिक्षक म्याटसँग कुराकानीका क्रममा पनि उनी नेपालमा फुटबलप्रति लगाव देखेर धेरै उत्साहित रहेको उल्लेख गरे। कप्तान किरणले प्रशिक्षकको पनि साफ च्याम्पियनसिप जित्ने र एसियन कप छनोटमा राम्रो नतिजा ल्याउने लक्ष्य रहेको उल्लेख गरे।

Captain Kiran saysM We are excited to learn with the new coachटोलीमा केही नयाँ खेलाडीहरू पनि आएको र छोटो तयारी भए पनि सुखद् नतिजाको आशामा रहेको उनको भनाइ छ। प्रशिक्षक म्याटले केही उपाधिहरू भित्र्याउन राखेको लक्ष्यलाई सकारात्मक बनाउन आफूहरू मिहिनत गर्ने र त्यसका लागि बलिया टोलीसँग म्याच एक्सपोजर गराउन पनि आवश्यक रहेको कप्तान किरण बताउँछन्।

Captain Kiran saysM We are excited to learn with the new coach नेपाली टोलीका डिफेन्डर अनन्त तामाङले हरेक प्रशिक्षकसँग फरक फिलोसफी र ट्याक्टिस हुने भएकाले नयाँ प्रशिक्षकसँग खेल्न उत्साहित रहेको बताएका छन् ।



बलवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल



सोनमा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# कोशी प्रदेशको आर्थिक समृद्धि : सम्भावना र मार्गचित्र



यो प्रदेशका प्रमुख तीन सम्भावना हुन्— कृषि, पर्यटन र उद्योग । शिक्षामा ज्योति छर्ने बालागुरु षडानन्द, परिवर्तनकी संवाहक योगमाया र किराँत धर्मका धर्मगुरु फाल्गुनन्द जस्ता व्यक्तित्वहरूको योगदान यही प्रदेशबाट भएको हो । त्यसैले यस प्रदेशमा शिक्षाको पनि सम्भावना उत्तिकै छ ।

डा. दिलनाथ दंगाल

-कोशी प्रदेशका नागरिकले आफूले प्राप्त गरेको ज्ञानलाई सीपमा, सीपलाई रोजगारीमा, रोजगारीलाई उत्पादनमा बदल्ने र उत्पादनबाट प्राप्त हुने आर्जनलाई सम्पूर्ण प्रदेशवासीको उत्थानमा लगाउनु नै समृद्धिको उपयुक्त माध्यम हुनेछ। उत्पादन प्रक्रियालाई समयानुकूल परिवर्तन गराउँदै आत्मनिर्भर अर्थतन्त्रतिर प्रदेशलाई अगाडि बढाउन आवश्यक छ।

यो प्रदेशका प्रमुख तीन सम्भावना हुन– कृषि, पर्यटन र उद्योग। शिक्षामा ज्योति छर्ने बालागुरु षडानन्द, परिवर्तनकी संवाहक योगमाया र किराँत धर्मका धर्मगुरु फाल्गुनन्द जस्ता व्यक्तित्वहरूको योगदान यही प्रदेशबाट भएको हो। त्यसैले यस प्रदेशमा शिक्षाको पनि सम्भावना उत्तिकै छ । प्रदेशलाई स्वास्थ्यको हब बनाई स्वास्थ्य पर्यटकलाई आकर्षण गर्न सकिने बलियो आधार छ। प्रविधिमा पनि आत्मनिर्भर हुन सकिन्छ। विदेशबाट प्राप्त रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन र जल यातायातमा पनि यो प्रदेशले प्रशस्तै सम्भावना बोकेको देखिन्छ, तर यो लेखमा प्रमुख सम्भावनाका रूपमा रहेका तीनवटा विषयमा मात्र चर्चा गर्न खोजिएको छ। १) कृषिः प्रदेशको कुल भूभागको खेतीयोग्य क्षेत्रफल आठ लाख २१ हजार ६११ हेक्टरमध्ये ७ लाख ७ हजार २२१ हेक्टर जमिनमा मात्र खेती गर्ने गरिन्छ । कुल खेतीयोग्य क्षेत्रफलको ३७.२ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको अवस्था छ। पछिल्लो तथ्यांक अनुसार, ४९ लाख ६१ हजार ४१२ जनसंख्या रहेको यस प्रदेशमा ७५ प्रतिशत मानिसको जीविकोपार्जनको मुख्य स्रोत कृषि हो । कृषि क्षेत्रमा जनताको सहज पहुँच रहने हुनाले यस प्रदेशमा कृषिलाई समृद्धिको आधार बनाउनुपर्छ । हाम्रो देशलाई वार्षिक रूपमा करिब ६५ लाख मेट्रिकटन खाद्यान्न आवश्यक हुन्छ । यो प्रदेशमा मात्रै वार्षिक १२/१३ लाख मेट्रिकटन धान मात्र उत्पादन हुन्छ । बाँकी मकै, गहुँ, आलु, चिया, अलैंची, अम्रिसो, अदुवा, कोदो, दाल, तोरी र तरकारीहरू उत्पादन हुने गर्छन्।

तसर्थ पनि यो प्रदेश कृषिका हिसाबले अग्रणी स्थानमा छ । देशको राष्ट्रिय उत्पादनसँग तुलना गरेर हेर्दा पछिल्लो तथ्यांक अनुसार कोशी प्रदेशले चियाको उत्पादनमा ९९ प्रतिशत, अलैंचीमा ९३ प्रतिशत, अदुवामा ३५ प्रतिशत, आलुमा ३४ प्रतिशत, मकैमा २९ प्रतिशत, धानमा २१ प्रतिशत र गहुँको उत्पादनमा १० प्रतिशत योगदान गरेको देखिन्छ । खाद्यान्न उत्पादनका दृष्टिकोणले यो प्रदेश आत्मनिर्भर मात्र नभएर आफूलाई उपभोगका लागि चाहिनेभन्दा ३७ प्रतिशत बढी उत्पादन गर्छ, जुन अन्य प्रदेश र छिमेकी मुलुकमा निर्यात हुन्छ। देशकै कुल निर्यातको ४१ प्रतिशत हिस्सा कोशी प्रदेशको रहेको छ । यद्यपि हिमाली जिल्लाहरू खाद्यान्न उत्पादनमा आत्मनिर्भर देखिएका छैनन् तर त्यहाँ औषधी उत्पादनको सम्भावना छ । तराईको भूभाग मुख्य रूपमा खाद्यान्न उत्पादनमा; पहाडी भूभाग नगदेबाली (फलफूल र तरकारी उत्पादन)मा अब्बल देखिएका छन्।

यो प्रदेशमा सिँचाइका लागि चाहिने जलस्रोतका लागि भने वर्षैभरि जल प्रवाह हुने अरुण, तमोर, दुधकोशी, सुनकोशी, मेची, कन्काई लगायत धेरै साना-ठुला नदीहरू छन् । नेपालकै अति उत्पादन हुने भूमि भनेर चिनिएका झापा, मोरङ, सुनसरी लगायत जिल्लाहरूमा सिँचाइ सुविधाको पर्याप्त पहुँच पुऱ्याएर कृषि उत्पादनमा आत्मनिर्भर हुन सक्ने सम्भावना रहेको छ । त्यसै गरी उत्पादनका लागि चाहिने मलका लागि हरियो मल (घन्सी वा ढैँचा) र कम्पोस्ट मल आदिको सम्भावना यो प्रदेशमा प्रशस्त मात्रामा छ। कृषिलाई चाहिने बिउका लागि हाम्रा हजुरआमा, आमा र दिदीहरूले परम्परागत ज्ञानको संरक्षण गरेका छन् । त्यस पुरानो ज्ञानलाई स्थानीय तहहरूले प्रवर्द्धन गर्न जरुरी छ। युवाहरूलाई आकर्षित गर्न सकियो भने कृषिमा आवश्यक जनशक्तिको अभाव हुँदैन। बजारका लागि स्थानीय तहले कृषि हाट व्यवस्था गर्न सजिलो हुन्छ। दुध तथा दुग्धजन्य उत्पादन र माछा मासु तथा अण्डा उत्पादनमा समेत यो प्रदेश अगाडि देखिन्छ। प्रदेशका विभिन्न भागहरूमा चरनका लागि प्रशस्त ठाउँ रहेकाले व्यावसायिक पशुपालनतर्फ किसानलाई आर्कषित गर्न सकिन्छ। यसका लागि बढी उत्पादन दिने पशुपक्षीहरूको जात सहज ढंगले उपलब्ध गराउने, किसानलाई आवश्यक तालिम दिने, आवश्यक परेको खण्डमा प्राविधिक सहयोग उपलब्ध गराउने, उत्पादनलाई चाहिने बजारको व्यवस्था गर्ने, कृषि बिमाको सुविधा उपलब्ध गराउने र सरल रूपले सक्कली किसानलाई लगानीको स्रोत व्यवस्थापन गर्ने हो भने यो प्रदेशमा मासु, दुध तथा दुग्धजन्य उत्पादनको पनि प्रचुर सम्भावना रहेको देखिन्छ। यो प्रदेशका प्रमुख तीन सम्भावना हुन– कृषि, पर्यटन र उद्योग। शिक्षामा ज्योति छर्ने बालागुरु षडानन्द, परिवर्तनकी संवाहक योगमाया र किराँत धर्मका धर्मगुरु फाल्गुनन्द जस्ता व्यक्तित्वहरूको योगदान यही प्रदेशबाट भएको हो। त्यसैले यस प्रदेशमा शिक्षाको पनि सम्भावना उत्तिकै छ।

कृषकलाई आवश्यक तालिम र अनुभव साटासाटको अवसर दिन सकिएको छैन । यो प्रदेशका १४ वटै जिल्लाहरूको भ्रमण सम्पन्न गरेपछि मैले के अनुभव गरेँ भने प्रदेश सरकारसँगै कृषिसँग सम्बन्धित संस्थाहरुले हरेक बाली लगाउने समयमा सबै जिल्लाका किसानलाई आ-आफ्नो जिल्लामै भेला गरेर उनीहरूका अनुभव आदान-प्रदान सुन्न र उनीहरुलाई विशेषज्ञबाट सल्लाह-सुझाव दिन आवश्यक देखिन्छ। यो प्रदेशमा कृषिको अपार सम्भावना भए पनि करिब दुईतिहाइ भूभागमा सिँचाइको सुविधा छैन। कृषकले आवश्यकता अनुसार उन्नत जातका बिउबिजन, मल, कृषि औजार तथा प्राविधिक सेवा पाउन सकिरहेका छैनन् । प्रदेशमा रहेका युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न नसकेर कृषि श्रमिकको अभाव हुन थालेको छ।

सांभार : रातोपाटी।


# पत्रिका/पेपर

कम्प्यूटराईज गराउन सम्झनुहोस।




सम्पर्क –: ढिलीप कुमार साह :–

मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला


# मधेश प्रदेशको सबै भन्दा ठूलो वाटर पार्कको आज भव्य उद्घाटन हुने

ओम प्रकाश यादव
धनुषा, २२ फागुन

पर्यटन प्रबर्द्धन गर्नुका साथै रोजगारीको अवसर सृजना गर्नु र यस क्षेत्रका जनताहरुलाई मनोरंजन प्रदान गर्न मुख्य उदेश्यले खुल्नलागेको मधेश प्रदेशको राजधानी एवं मिथिलाको पावन भूमी जनकपुरधाममा यस प्रदेशकै सबैभन्दा ठूलो अत्याधुनिक वाटर पार्क संचालन हुन लागेको छ। विहिवार वाटर पार्कमै पत्रकार सम्मेलनको आयोजना गरी जानकी फन पार्क एण्ड रिसोर्टको प्रबन्धक निर्देशक गुड्डु जैनले यस वाटर पार्कको उद्धाटन नेपालको चर्चित अभिनेत्री प्रियंका कार्कीको विशेष उपस्थितीमा यही फागुन २३ गते बिहान ११ बजे हुन गइरहेको बताएका छन् ।यस पार्कको क्षेत्रफल ३ लाख स्क्वायर फिट रहेको छ, जसमा मल्टीलेन स्लाइड टु लेन, वडी वेभ स्लाइड, हाइ स्पिड वडी स्लाइड , ओपेन वडी टर्निङ्ग स्लाइड, ओपेन फ्लोट स्लाइड। वेभ पुल, रेण डान्स, ५ प्लेटर्फम वाटर प्ले सिस्टम र यस्ता धेरै मनोरञ्जनका उपकरणको निर्माण सम्पन्न



भइसकेको जैनले जानकारी दिएका छन्। साथै यहाँ आगन्तुकहरुका लागि पर्याप्त पार्किंगको व्यवस्था समेत र हेको बताएका छन् । यस वाटर पार्कमा दक्ष तथा अनुभवी कर्मचारीहरुको निगरानीमा बिहान १०:३० बजेदेखि बेलुका ५ बजेसम्म संचालनमा रहने जनकारी दिएका छन् । यस पार्कमा प्रवेश गर्ने ३ फीट मूनीका बालबालिकालाई कुनै प्रवेश शुल्क लाग्ने छैन भने, अन्यको हकमा प्रति व्यक्ति कर सहित रु. ९५० प्रवेश शुल्क निर्धारीत गरिएको छ। साथै पानीको स्वच्छता कायम गर्न पार्कमा हाल ४ वटा वाटर ट्रिटमेन्ट प्लान्ट जडान गरेको र आगन्तुकहरुका लागि कस्ट्युम तथा लकर उपलब्ध गराउने व्यवस्था पनि रहेको बताएका छन्। सिद्धार्थ बैंक लिमिटेडको ऋण सहयोगमा हालसम्म यस पार्कको निर्माणमा १२ करोड ५० लाख खर्च भै सकेको जनाएका छन।भोलि उदघाटनको सुभ दिन २३ गते निःशुल्क प्रवेशको व्यवस्था गरिएको जानकारी आजको पत्रकार सम्मेलनमा गराएका छन्।

# महावीर झण्डा मेला सबैला(सतोषर)मा सुरु

ओम प्रकाश यादव
धनुषा, २२ फागुन

लामो धार्मिक पदयात्रा मिथिला 'माध्यमिकी परिक्रमा' मेलाको शुभ अवसरमा सबैला न.पा.९ सप्त ऋषि बास स्थान कुशमाहा सतोषरधाममा महावीर झण्डा मेला सुरु भएको छ। श्री श्री १०८ श्री सिताराम महराजी, श्री श्री १०८ श्री तान्त्रीक बाबा एंव सतोषर ग्राम बासीको आयोजना तथा लोकतान्त्रिक समाजवादी पार्टी नगर कमिटी सबैलाका नगर अध्यक्ष राम चन्द्र जयसवालको प्रमुख आतिथ्यतामा आज महावीर झण्डा मेलाको एक समारोहबीच उद्घाटन गरिएको छ। मेला उदघाटन गर्दै नगर अध्यक्ष राम चन्द्र जयसवालले हाम्रो हिन्दू धर्म आस्थाको कारण महावीर जी लाई पिँढी दर पिँढी पुजदै आएको र आपसी सदभाव , मानवता, प्रेम,गहिरो दार्शनिक तथा आध्यात्मिक महत्त्व बोकेको बताउँदै आउने दिनमा पनि सामाजिक कार्यमा सक्रिय भूमिकामा रहने बताएका थिए।



यस मेलामा कुस्ती ,कलकतिया वाली ,नाचगान जस्ता विभिन्न किसिमका मनोरञ्जनको खेल,झुलुवा आदि हुने छन। २९ गते सम्म चल्ने झण्डा मेला स्थानमा यहि सतोषरधाममा २५ गते लामो धार्मिक पदयात्रा मिथिला 'माध्यमिकी परिक्रमा आउने छन । । झण्डा मेलाको लागि महावीरको भव्य झण्डाको साथ साथै दर्शनका लागि विभिन्न देवी देउताहरुको कलात्मक मूर्ति निर्माण गरिएको छ। फागुन २९ गते विहीवार सम्म हुने मेला महोत्सवमा हेल्प मधेशी नेपालका संस्थापक अध्यक्ष राम उदगार यादब , जनमत पार्टी उप मेयर प्रत्यासी बबिता देवी यादब धनेश्वर मिश्र, राम भक्त जैसवाल, प्रदीप यादव, साधु, संत, महन्त, श्रद्धालु भक्तजन , नागरिक समाजको उलेख्य सहभागिता रहेका थिए।







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday